# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०३।१९ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

महागढीमाई नगरपालिका वार्ड नं. ६ बाराका निर्वाचित वडा अध्यक्ष रामजी प्रसाद बरैले सांसद विकास कोषबाट आएको रकमबाट विद्यालयको कम्पाउण्ड वाल बनाउन उपभोक्ता समिति गठन गरी काम सुरु गर्नु पूर्व विभिन्न बहाना गरी सेवाग्राहीसँग घुस/रिसवत रकम माग गरेको भन्ने सूचना एवम् उजुरीका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाबाट खटिई गएको टोलीले निज वडा अध्यक्ष रामजी प्रसाद बरै र सोही नगरपालिकाको वडा नं. ६ का मुसहर बैठालाई सेवाग्राहीसँग रु.२,७५,०००।—(दुई लाख पचहत्तर हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निज वडा अध्यक्ष रामजी प्रसाद बरैले सेवाग्राहीलाई नेपाल राष्ट्रिय मा.वि.को पर्खाल निर्माणको गर्नको लागि गठन हुने उपभोक्ता समितिको अध्यक्ष बनाईदिने यदी अध्यक्ष बनाउन नसकेमा उक्त निर्माण कार्य निज सेवाग्राहीबाटै गराउने भन्ने बहाना बनाई घुस रिसवत माग गरी रू.२,७५,०००।—(दुई लाख पचहत्तर हजार) घुस/रिसवत लिएको पुष्टि हुन आई निज रामजी प्रसाद बरैले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको स-प्रमाण पुष्टि भएकोले निजलाई बिगो रु.२,७५,०००।—(दुई लाख पचहत्तर हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता